# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति : २०८१।०३।२४

यस रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयको कम्पाउण्ड भित्र रहेको चमेनागृह (क्यान्टिन) तपसिल बमोजिम शर्त तथा बन्देजहरुको अधिनमा रही सञ्चालन गर्न इच्छुक संस्था, फर्म तथा व्यवसायीहरुका लागि शिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी १५ (पन्ध) दिने सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. यो सचना प्रकाशित भएको मितिले १५ (पन्ध) दिन भित्र रु १०००।- (अक्षरुपी एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी तिरी कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र नियमानुसार सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस नगरकार्यपालिकाको कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ । यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु दिनको १:०० बजे खोलिनेछ ।

३. दरभाउ पत्र बन्दी खाम बाहिर दरभाउ पेश कर्ताको नाम, ठेगाना, सम्पर्क नं. स्पष्टसँग उल्लेख गर्नुपर्ने छ । साथै दरभाउपत्र भित्र निम्त कागजातहरु समावेश गर्न पर्नेछ ।

- सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र ।
- पानमा दर्ता भएको प्रमाणपत्र ।
- व्यवसाय दर्ता प्रमाणपत्र (समान प्रकृतिको काम गर्ने ) ।
- आ.ब. २०७९/०८० को कर चुक्ताको प्रमाणपत्र ।
- कार्यालयबाट खरिद गरिएको सिलबन्दी दरभाउपत्र पेश गर्ने फारम रितपूर्वक भरि सहि छाप लगाएको हुनु पर्नेछ ।

४ क्यान्टिन सञ्चालनका लागि बार्षिक रु.१,२०,०००।- (एक लाख विस हजार) घरभाडा कायम गरिएको छ ।

५. क्यान्टिन भित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको विक्रि वितरण गर्न पाईने छैन ।

६. कार्यालयले तोकेको समयमा मात्र क्यान्टिन सञ्चालन गर्नु पर्नेछ ।

७. क्यान्टिन सञ्चालन गरे वापतको विद्युत महशुल तथा खानेपानी महशुल क्यान्टिन सञ्चालकले बुझाउनु पर्नेछ ।

८. सिलबन्दी दरभाउ पत्र मुल्यांकन गर्दा समग्र न्युनतम प्रति एकाई दरको योगफललाई आधार मानिनेछ।

०९ चमेनागृह सञ्चालनका लागि स्वीकृत भएको फर्म/ संस्था तथा व्यवसायीहरु PAN मा दर्ता भएको हुनु पर्नेछ ।

१०. सिलबंन्दी दरभाउ पत्र पेश गर्ने फर्म/संस्था तथा व्यवसायीले रु ५०,०००/- को यस नगरपालिकाको नाममा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त बाणिज्य बैंकबाट बैंक ग्यारेन्टी वा नगरपालिकाको रा.बा.बैंकको खाता नं. 1830100303000003 मा धरौटी राख्नु पर्नेछ ।

११. नगरपालिकाबाट क्यान्टिनको लागि सामान्य पूर्वाधार तयार गरिनेछ । तर डेक्स, टेबुल, कुर्सि, प्लेट, गलास लगायतका सामानहरुको व्यवस्था स्वयं व्यवसायीले गर्नु पर्नेछ ।

१२. सबै भन्दा न्युनतम कबोल गर्नेले रु.१,००,०००/- कार्य सम्पादन जमानत राखेपछि मात्र सम्झौता गरिनेछ । सम्झौता अवधि २ वर्षको हुनेछ । स्वीकृत स्पेसिफिकेशन भन्दा न्यून गुणस्तरको/ परिमाणको सेवा प्रवाह गरेमा नगरपालिकाले कार्य सम्पादन जमानत जफत गरि/नगरी सम्झौता जुनसुकै बखत रद्द वा खारिज गर्न सक्नेछ ।

१३. स्वीकृत गुणस्तर/परीमाण वा सम्झौता वमोजिमको हाइजेनिक सेवा प्रवाह गरे/नगरेको नगरपालिकाबाट अनुगमन हनेछ ।

१४. न्यूनतम कवोल गरी सम्झौता नगर्ने संस्थाको सम्झौता नगरेमा धरौटी जफत गरिनेछ ।

१५. किचन सफा राख्नुपर्ने, खानेतेल शुद्ध प्रयोग गर्नु पर्ने, सेफ र वेटरले स्वीकृत ड्रेस कोडको पालना गर्नु पर्नेछ ।

१६. दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस नगरपाकिलामा रहनेछ ।

१७. माथी उल्लेखीत बाहेकको हकमा रत्ननगर नगरकार्यपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१८. थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा वा यस कार्यालयको वेबसाईट www.ratnanagarmu.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

CamScanner

रत्ननगर नगरपालिकाको चमेना गृह (क्यान्टिन) मा उपलब्ध गराउनु पर्ने खाजा/खानाको दररेट पेश गरेको सम्बन्धमा (दरभाउ पत्र)

| सि. न. | परिकार | परिणाम | दररेट | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| | | | खाना तर्फ | | |
| १ | जिरामसिना चामलको खाना (सादा) | भरपेट (१ जना) | | | |
| २ | बासमती चामलको खाना (सादा) | भरपेट (१ जना) | | | |
| ३ | जिरामसिना चामल खाना(मटन) | भरपेट (१ जना) | | | |
| ४ | बासमती चामल (मटन) | भरपेट (१ जना) | | | |
| ५ | जिरामसिना चामलको खाना (लोकल चिकेन खाना) | भरपेट (१ जना) | | | |
| ६ | बासमती चामलको खाना (लोकल चिकेन खाना) | भरपेट (१ जना) | | | |
| ७ | जिरामसिना चामल खाना (ब्रोइलर चिकेन खाना) | भरपेट (१ जना) | | | |
| ८ | बासमती चामल (ब्रोइलर चिकेन खाना) | भरपेट (१ जना) | | | |
| ९ | जिरामसिना चामलको खाना (फ्रेस माछा खाना) | भरपेट (१ जना) | | | |
| १० | बासमती चामलको खाना (फ्रेस माछा खाना) | भरपेट (१ जना) | | | |
| ११ | गहुँको रोटी तरकारी (न्युनतम् ३ वटा रोटी) | प्रति प्लेट | | | |
| | | | खाजा तर्फ | | |
| १ | चाउमिन भेज | प्रति प्लेट | | | |
| २ | चाउमिन चिकेन | प्रति प्लेट | | | |
| ३ | चाउमिन अण्डा | प्रति प्लेट | | | |
| ४ | चाउचाउको चाउमिन (१ प्याकेट चाउचाउ) | प्रति प्लेट | | | |
| ५ | चाउचाउको चाउमिन अण्डा (१ प्याकेट चाउचाउ) | प्रति प्लेट | | | |
| ६ | भेज मः मः कम्तिमा आठ पिस | प्रति प्लेट | | | |
| ७ | चिकेन मः मः कम्तिमा आठ पिस | प्रति प्लेट | | | |
| ८ | मटन मः मः कम्तिमा आठ पिस | प्रति प्लेट | | | |
| ९ | चना चिउरा ( ५० ग्राम चना र ७५ ग्राम चिउरा ) | प्रति प्लेट | | | |
| १० | चना, चिउरा र अण्डा ( ५० ग्राम चना, ७५ ग्राम चिउरा र १ वटा अण्डा ) | प्रति प्लेट | | | |
| ११ | मटन ग्रेभी फ्राई (४ पिस नर्मल साईज) | प्रति प्लेट | | | |
| १२ | चिकेन रोष्ट (लेगपिस नर्मल साईज) | प्रति प्लेट | | | |
| १३ | चिकेन पकौडा ( ८ पिस) | प्रति प्लेट | | | |
| १४ | उसिने अण्डा | प्रति गोटा | | | |
| १५ | अम्लेट १ वटा | प्रति प्लेट | | | |
| १६ | भुजा (५० ग्राम) | प्रति प्लेट | | | |
| १७ | चिउरा (७५ ग्राम) | प्रति प्लेट | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | चिउरा (७५ ग्राम) | प्रति प्लेट | | | |
| १८ | समोसा तरकारी (२ वटा समोसा र घटीमा ७५ ग्राम तरकारी) | प्रति प्लेट | | | |
| १९ | समोसा | प्रति गोटा | | | |
| २० | भेज पकौडा (आठ पिस) | प्रति प्लेट | | | |
| २१ | दुध चिया घटीमा १२० मिलिलिटर (पानी नमिसाएको) | प्रति कप | | | |
| २२ | कालो चिया घटीमा १२० मिलिलिटर (कागती मिसाएको) | प्रति कप | | | |
| २३ | दही कप २५० मिलिलिटर | प्रति कप | | | |
| २४ | दुध कप २०० मिलिलिटर | प्रति कप | | | |
| २५ | आलु परौठा | प्रति गोटा | | | |
| २६ | जेरी पुरी तरकारी ( जेरी -२,पुरी-४ र तरकारी) | प्रति प्लेट | | | |
| २७ | फ्रुटी | प्रति गोटा | | | |
| २८ | पानी (मिनरल वाटर) नर्मल | प्रति बोटल | | | |
| २९ | पानी (मिनरल वाटर) फ्रिजको | प्रति बोटल | | | |
| ३० | कोका कोला (२५० मिलिलिटर) | प्रति बोटल | | | |
| ३१ | डिउ चिसो (२५० मिलिलिटर) | प्रति बोटल | | | |
| ३२ | रेड बुल (२५० मिलिलिटर) | प्रति बोटल | | | |
| ३३ | मिक्स फलफुल (सिजनल फलफुलहरु) | प्रति प्लेट | | | |
| कुल योग | | | | | |
| मासिक भाडा दर (न्युनतम्) | | | १०,०००।- | दश हजार रुपैया मात्र। | |
| मासिक भाडाको लागि कबोल अंक (रु.) | | | | | |
| संस्था/व्यवसायको नामः | | | आधिकारिक व्यक्तिको दस्तखतः | | |
| ठेगानाः | | | संस्थाको छापः | | |

नोटः बजारमा हाल चलन चल्तीको दरभाउ भन्दा १० प्रतिशत न्युनतम् राखी घटी घटाउको मुल्यसुची पेश गर्नु पर्नेछ। साथै यसमा उल्लेखित खाना/खाजाको परिकारमा यसै अनुसार र उल्लेख नभएको परिकारको हकमा प्रचलित दरभाउलाई आधार मानी दुवै पक्षलाई मान्य हुने गरी सम्झौता पत्रमा उल्ले गरिनेछ।

CS CamScanner